निर्णय नं. १ माडी गाउँपालिकाको आ.व. २०७५।०७६को बार्षिक बजेट तथा नीति तथा कार्यक्रम माडी गाउँसभाको सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. २ साविक कोर्चाबाङ गा.वि.स.वडा नं.३ हाल रोल्पा नगरपालिका वडा नं.७ मा पर्ने उपल्लो घापाका जनताले सेवा,सुविधा र सहजताका हिशावले माडी गाउँपालिका वडा नं. ६ मा गाभिन चाहेको भनि निवेदन पेश गरेको र माडी गाउँकार्यपालिकाबाट गाभिन अनुमति दिने सम्वन्धी प्रस्ताव स्वीकृत भई अनुमोदनका लागि माडी गाउँसभामा पेश भएकाले हाल रोल्पा नगरपालिका वडा नं. ७ साविक कोर्चावाङ् गा.वि.स. वडा नं. घ का जनताको निवेदन र मागको उच्च कदर गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६ को उपदफा १० र ११ बमोजिम हुने गरि माडी गाउँपालिका वडा नं. ६ मा गाभिन पाउने गरि कार्यपालिकाको निर्णय माडी गाउँसभाको सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं. ३ माडी गाउपालिकाको बार्षिक कार्ययोजना देहाए बमोजिम हुने गरि निर्णय गरियो ।

आ.व.२०७५।०७६ को माडी गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसारको कार्ययोजना २०७५ श्रावण १ देखि २०७६ असार मसान्त सम्म ।

| क्र.स. | विवरण | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | कैफियत |
|---|---|---|---|---|---|
| १ | अख्तियारी प्राप्त | ✓ | | | श्रावण ७ गते सम्म |
| २ | उपभोक्ता समिति गठन | ✓ | | | भाद्र मसान्त सम्म |
| ३ | पहिलो चौमासिकमा गरिने कार्यक्रम स्वीकृत | ✓ | | | भाद्र १५ गते सम्म |
| ४ | उपभोक्ता समिति दर्ता गर्ने | ✓ | | | भाद्र मसान्त सम्म |
| ५ | उपभोक्ता समितिलाई तालिम प्रदान | ✓ | | | असोज १५ गते सम्म |
| ६ | ठेक्का मार्फत गरिने योजनाहरु छनौट | ✓ | | | असोज मसान्त सम्म |
| ७ | ठेक्का मार्फत गरिने कामहरुको लागि सार्वजनिक सूचना प्रकाशित | ✓ | | | कार्तिक १५ गते सम्म |
| ८ | पहिलो चौमाशिकमा गरिने कामहरुको सुरुवात | ✓ | | | श्रावण १५ देखि |
| ९ | उपभोक्ता समिति मार्फत गरिने कामहरुको थालनी | ✓ | | | असोज १ गते देखि |
| १० | सामाजिक सुरक्षा भत्ता वितरण | ✓ | ✓ | ✓ | भाद्र,माघ र जेठ |
| ११ | गरिव घरपरिवारलाई परिचयपत्र वितरण | ✓ | | | श्रावण १५ देखि भाद्र मसान्त सम्म |
| १२ | विभिन्न तालिमहरु सञ्चालन | ✓ | ✓ | ✓ | आवश्यकता अनुसार कार्यक्रम बनाएर गर्ने |
| १३ | अध्ययन भ्रमण | | ✓ | | माघ,फागुन |
| १४ | समीक्षा गोष्ठी | ✓ | ✓ | ✓ | प्रत्येक चौमासिकको अन्त्यमा |
| १५ | सार्वजनिक सुनुवाई | | ✓ | ✓ | माघ,असार |
| १६ | चौमासिक लक्ष्य | २५ | ४५ | ३० | प्रतिशत |

निर्णय नं. ४ माडी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सेवा सुविधा सम्वम्धमा कार्यपालिका बैठकमा छलफल गरि स्वीकृत भएको देहाए बमोजिमको सेवा सुविधालाई अनुमोदन गरियो ।

**माडी गाउँपालिकाको सेवा सुविधा सम्वन्धी व्यवस्था २०७५**

**माडी गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुको मासिक पारिश्रमिक लगाएत अन्य सेवा सुविधा देहाए बमोजिम हुनेछ ।**

**१. मासिक पारिश्रमिक**

| क्र.स. | पदाधिकारी | मासिक रु | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | ३०,००० | गाउँपालिकाको आन्तरिक स्रोतको अबस्था हेरी यसलाई कम गर्न सकिनेछ । |
| २ | उपाध्यक्ष | २७,००० | |
| ३ | वडाध्यक्ष | २०,००० | |
| ४ | कार्यपालिका सदस्य | १२,००० | |
| ५ | वडा सदस्यहरु | ७,००० | |
| | **२.भ्रमण खर्च** | | |
| क्र.स. | पदाधिकारी | दैनिक रु | कैफियत |
| १ | अध्यक्ष | १८०० | कर्मचारीको भ्रमण भत्ता भ्रमण खर्च नियमावली बमोजिम हुनेछ । भ्रमण भत्ता बापतको रकम भूक्तानी गर्दा स्वीकृत भ्रमण आदेश,कार्यालयको पत्र,भ्रमण प्रतिवेदनको आधारमा मात्र गरिने छ । |
| २ | उपाध्यक्ष | १६०० | |
| ३ | वडाध्यक्ष | १५०० | |
| ४ | कार्यपालिका सदस्य | १५०० | |
| ५ | वडा सदस्यहरु | १५०० | |
| | **३.इन्धन** | | |
| क्र.स. | पदाधिकारी | मासिक लि. | कैफियत |
| १ | अध्यक्ष | ३० | गाउँपालिकाको नाममा दर्ता भएका प्रति दुई पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन |
| २ | उपाध्यक्ष | २५ | गाउँपालिकाको नाममा दर्ता भएका प्रति दुई पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | २५ | गाउँपालिकाको नाममा दर्ता भएका प्रति दुई पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन |
| ४ | वडा कार्यालयहरुमा | २० | गाउँपालिकाको नाममा दर्ता भएका प्रति मोटरसाईकल |
| ५ | लेखापाल | २० | गाउँपालिकाको नाममा दर्ता भएको मोटरसाईकल |
| ६ | प्राविधिक | २० | गाउँपालिकाको नाममा दर्ता भएका प्रति मोटरसाईकल |
| ७ | अन्य विषयगत कार्यालयहरु | १० | गाउँपालिकाको नाममा दर्ता भएका प्रति मोटरसाईकल |
| इन्धन बापतको भूक्तानी लिंदा लग बुक अनिवार्य रुपमा भरेको हुनुपर्ने तथा इन्धन भर्दा गाउँपालिकाले सम्झौता गरेको पम्मबाट मात्र भर्न पाईने छ । | | | |
| | **४.सञ्चार** | | |
| क्र.स. | पदाधिकारी | मासिक रु. | कैफियत |
| १ | अध्यक्ष | १५०० | पोष्टपेड सिम कार्ड गाउँपालिकाको नाममा दर्ता भएको हुनु पर्ने र दूरसञ्चार कार्यालयको विल हुनु पर्ने |
| २ | उपाध्यक्ष | १५०० | पोष्टपेड सिम कार्ड गाउँपालिकाको नाममा दर्ता भएको हुनु पर्ने र दूरसञ्चार कार्यालयको विल हुनु पर्ने |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | १५०० | पोष्टपेड सिम कार्ड गाउँपालिकाको नाममा दर्ता भएको |

| | | | |
|---|---|---|---|
| | | | हुनु पर्ने र दूरसञ्चार कार्यालयको विल हुनु पर्ने |
| ४ | वडाध्यक्ष | १००० | पोष्टपेड सिम कार्ड गाउँपालिकाको नाममा दर्ता भएको हुनु पर्ने र दूरसञ्चार कार्यालयको विल हुनु पर्ने |
| ५ | लेखापाल | १००० | पोष्टपेड सिम कार्ड गाउँपालिकाको नाममा दर्ता भएको हुनु पर्ने र दूरसञ्चार कार्यालयको विल हुनु पर्ने |
| ७ | अन्य विषयगत कार्यालयहरु( सञ्चारमा रकम विनियोजन भएको भएमा मात्र ।) | ५०० | पोष्टपेड सिम कार्ड गाउँपालिकाको नाममा दर्ता भएको हुनु पर्ने र दूरसञ्चार कार्यालयको विल हुनु पर्ने |
| | | | |

## ५.मर्मत

गाउँपालिकाको नाममा दर्ता भएका प्रति मोटरसाईकल वा चारपाङ्ग्रे सवारी साधन प्रति महिना रु २००० का दरले गाउँपालिकाले सम्झौता गरेको फर्मबाट मर्मत आदेश लिएर मात्र मर्मत गर्न सकिने छ ।

## ६.अन्य बैठक भत्ता

माडी गाउँपालिकाको गाउँसभा,कार्यपालिका बैठक,वडा समितिको बैठक,कर्मचारी बैठक, भत्ता लिन पाईने गरी गठन भएका समितिहरुको बैठक तथा माडी गाउँपालिकाबाट गरिने बैठक भत्ता पाउने गरि सञ्चालन गरिएका अन्य बैठकहरुको भत्ता प्रति बैठक प्रति व्यक्ति रु. ७०० का दरले भूक्तानी हुनेछ ।

## ७.खाजा खर्च

प्रति बैठक,गोष्ठी,तालिम,सेमिनार तथा कार्यक्रमहरुमा प्रति व्यक्ति रु १५० बरावरको खाजा वा खाजा खर्च वापत नगदै खर्च गर्न पाईने छ ।

## ८.योजना अनुगमन भत्ता

गाउँपालिका तथा वडा कार्यालयको केन्द्र रहेको स्थानबाट न्यूनतम १५ किलोमिटर टाढाको योजना अनुगमन गर्दा तोकिएको दैनिक भ्रमण भत्ता बरावरको योजना अनुगमन भत्ता प्रदान गरिने छ । योजना अनुगमनको भत्ता कन्टेन्जेन्सी रकमबाट खर्च लेखिनेछ । फिल्ड भत्ता लिने कर्मचारीले योजना अनुगमन बापत भत्ता पाउनेछैन । यो कार्यविधि लागू हुनु पहिले भएको काम कारवाही यसै बमोजिम भएको मानिने छ ।

अन्य कुराहरुको हकमा आवश्यकता अनुसार कार्यविधिमा हेरफेर गर्दै लगिने छ ।

निर्णय नं. ५ माडी गाउँसभामा मिति २०७५ असार १० गते पेश गरेको आ.व.२०७५।०७६ को अनुमानित आय व्यय विवरणमा आएका संसोधन उपर कार्यपालिका बैठकमा छलफल गरि स्वीकृत भएको देहाए बमोजिमको संसोधनलाई अनुमोदन गरियो ।

माडी गाउँपालिकाको आ.व. २०७५।०७६ का लागि मिति २०७५।०३।१० गते पेश गरेको वार्षिक बजेट तथा नीति कार्यक्रममा भएको संसोधन

| क.सं. | साविक शीर्षक | साविक रकम | संसोधित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन खरिद | ४९०००००० | ०० | पूरै झिकिएको |
| २ | नाङखोला घर्तिगाउँ मोटरबाटो | २०००००० | १५००००० | रु. ५ लाख झिकिएको |
| ३ | पाछाबाङ घर्तिगाउँ मोटरबाटो | २५००००० | २०००००० | रु. ५ लाख झिकिएको |
| ४ | सिस्ने दाङमा मोटर बाटो | २०००००० | १५००००० | रु. ५ लाख झिकिएको |
| ५ | आरुवा रिजाबाङ मोटर बाटो | १५००००० | १०००००० | रु. ५ लाख झिकिएको |
| ६ | कृषि शाखा | १११२००० | ८११२००० | रु. ३० लाख झिकिएको |
| ७ | योग शिविर | ३००००० | ०० | पूरै झिकिएको |
| ८. | दलित आरन अनुदान | १०००००० | ५००००० | रु. ५ लाख झिकिएको |
| ९ | बन महासंघ अनुदान | ५००००० | ०० | रु. २ लाख ५० हजार रेडक्रस सोसाईटी रोल्पा घर्तिगाउँ शाखालाई अनुदान दिने |
| १० | घर्तिगाउँका ४ वटा मा.वि.घेरावार | २०००००० | ०० | पूरै झिकिएको |
| ११ | गाउँपालिका जग्गा खरिद | ५२००००० | २२००००० | रु. ३० लाख झिकिएको |
| १२ | वाङ्गे ताल,पारिबाङ्ग दह, ब्रम्हाताल पर्यटकीय स्थल निर्माण | ३०००००० | २२००००० | रु. ८ लाख झिकिएको |
| १३ | पशु शाखा तर्फ | २५००००० | २०००००० | रु. ५ लाख झिकिएको |
| १४ | स्वास्थ्य शाखा तर्फ | ४१७२००० | ३१७२००० | रु. १० लाख झिकिएको |
| १५ | वडा कार्यालयहरु | ४५५००००० | ४२५००००० | रु. २७ लाख ५० हजार झिकिएका |
| १६ | पेलिखोला,झिनुवा मोटराबाटो बाट बाँकी रहेको | ६००००० | पेदिखोला,झिनुवा मोटराबाटो ग्राभेल रु६००००० | सोहि बाटोको स्तरोन्नतीका लागि बजेट विनियोजन गरिएको |
| १७ | रिजाबाङ गाउँघर क्लिनिक भवन निर्माण | ७३५००० | क्रमागत १६०००० | सोहि भवनको बाँकी काम सम्पन्नका लागि बजेट विनियोजन गरिएको |
| वडा कार्यालयहरुबाट झिकिएको रु ३० लाखको कार्यक्रमहरु वडा कार्यालयहरुबाट संसोधन गरिएको छ। संसोधन गरिएको बजेट जुन शीर्षकबाट संसोधन गरिएको हो पछि स्रोत उपलब्ध भएमा सोही योजना वा शीर्षकलाई पहिलो प्राथमिकता दिईने छ। | | | | |

माथी उल्लेखित संसोधन गाउँसभाबाट सर्वसम्मत पारित गरियो।

निर्णय नं. ६ माडी गाउँपालिकाका देहाएका ऐन कानुन मा देहाए बमोजिम हुने गरि संसोधन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

## ऐन कानुनहरुमा संसोधन

### १. उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७४

- ✓ परिच्छेद ३ को कार्यान्वयन तथा व्यवस्थापन अर्न्तगत घ मा गाउँपालिकाबाट गर्नु पर्ने कामको कार्ययोजना बनाउनु पर्ने भन्ने वाक्याशं थप गरिएको छ ।
- ✓ अनुसुची २ को संझौता शर्तमा १९ औं बुँदा थप गरि मेशिन सँग सम्झौता गर्दा निर्माण कार्यका चाहिने आवश्यक जनशक्तिको पारिश्रमिकको व्यवस्था मेशिन धनि स्वयंले व्यहोर्नु पर्ने व्यवस्था गरिएको छ ।

### २. विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४

- ✓ बुँदा नं. २२ मा राहत वितरण सम्वन्धी व्यवस्था अर्न्तगत ग(अ) मा परिवारका सदस्यको मृत्यू भएमा प्रति परिवार रु.२० हजार को सट्टा प्रति परिवार रु. ५० हजार गरिएको छ ।
- ✓ बुँदा नं. २२ मा राहत वितरण सम्वन्धी व्यवस्था अर्न्तगत ग(आ) मा घरवार विहीन भएका परिवारलाई प्रति परिवार रु.१५ हजार को सट्टा प्रति परिवार रु. २५ हजार गरिएको छ ।
- ✓ बुँदा नं. २२ मा राहत वितरण सम्वन्धी व्यवस्था अर्न्तगत ग(ई) मा अङ्गभङग भएका परिवारलाई प्रति परिवार रु.१२ हजार को सट्टा प्रति परिवार रु. १५ हजार गरिएको छ ।
- ✓ बुँदा नं. २२ मा राहत वितरण सम्वन्धी व्यवस्था अर्न्तगत ग(इ) मा शारिरीक रुपमा घाईते भई उपचारार्थ अवस्थामा रहेका प्रति व्यक्ति रु.१० हजार को सट्टा प्रति व्यक्ति रु. १२ हजार गरिएको छ ।
- ✓ बुँदा नं. २२ मा राहत वितरण सम्वन्धी व्यवस्था अर्न्तगत ग(उ) मा अति प्रभावितको शिफारिसमा परेका संघ संस्थाहरुको हकमा महिला,बालबालिका तथा जेष्ठ नागरिक सम्वन्धी काम गर्ने संस्थाहरुलाई मर्मत संभार तर्फ रु १० हजार लाई रु १५ हजार वनाउने तथा अन्य संस्थाहरुको हकमा रु ५ हजारको सट्टा रु १० हजार गरिएको छ ।
- ✓ अन्य प्रकृतिका विपद पीडितहरुलाई राहत वितरण गर्दा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।
- ✓ गाउँपालिका बाहेक अन्य निकायहरुबाट हुने वा भएको विकास निर्माण कार्यको कारण हुन गएको क्षती बापतको क्षतिपूर्ति माग गर्दा सम्वन्धित निकायमै गर्नु पर्ने र त्यसका लागि गाउँपालिकाले शिफारिस गरिदिने ।

### ३. माडी गाउँपालिका शिक्षा ऐन २०७४

- ✓ परिच्छेद ८ विद्यालयलाई दिईने अनुदान,लेखा व्यवस्थापन,अनुगमन र नियमनका ४५को सामुदायिक विद्यालयको खाता सञ्चालनको २ मा विद्यालयको खाता सञ्चालन माध्यमिक विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक तथा लेखाको कर्मचारी वा लेखा हेर्ने शिक्षकको संयूक्त दस्तखत बाट सञ्चालन गर्ने तथा आधारभूत विद्यालय र प्राथमिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयूक्त दस्तखतबाट खाता सञ्चालन गर्नु पर्ने गरि परिवर्तन गरिएको छ ।

## ४.(थप व्यवस्था )

### १.जुवा,तास तथा मदिरापान नियन्त्रण सम्वन्धमा

- माडी गाउँपालिका क्षेत्र भित्र जुवा, तास खेल्न तथा खेलाउन प्रतिबन्ध गरिएको छ ।

- मदिरा तथा मदिराजन्य पदार्थ विक्रि वितरण कार्यलाई साँझ ६ बजे भन्दा अगाडि पूर्ण रुपमा निषेध गरिएको छ भने मदिरा सेवनका लागि निश्चित स्थानमा मात्र गर्न पाईने गरि तोकिएको छ । जस अर्न्तगत :-

वडा नं. १ मा झिनुवा, भिताबाङ् र जबाङ्

वडा नं. २ मा व्याङ्खोला र घर्तिगाउँ

वडा नं. ३ मा धनथान,तालाबाङ् र खाराबाङ्

वडा नं. ४ मा बुढागाउँ र खर्सुधारा

वडा नं. ५ मा पाछ्राबाङ्,गाावलधारा र भाबाङ्

वडा नं. ६ मा मिनाही र लाप्चुन

- तोकिएको स्थानमा मात्र व्यवसाय गर्ने गरि सीमित मात्रमा  मदिरा व्यवसाय ईजाजतपत्र दिईनेछ । हाललाई मदिरा विक्रिको लागि लिईएको इजाजतपत्र खारेज गर्न व्यवसायिलाई अनुरोध गर्ने ।
- विवाह,भोज,भतेर,मृत्यू लगाएत अन्य कार्यहरुमा गरिने जथाभावि मदिरा सेवनलाई नियन्त्रण गरिनेछ । परम्परागत संस्कारको रुपमा भोज भतेरमा सहभागी हुँदा सकेसम्म मदिारा लिएर नजाने लानै पर्ने अवस्थामा प्रति व्यक्ति १(एक) लिटर सम्म मात्र मदिरा लिएर जानु पर्ने ।
- स्थानीय स्तरमा घरेलु प्रयोजनका लागि बनाईएको मदिरा विक्रिका लागि प्रतिवन्ध गरिएको छ । यसलाई घरेलु प्रयोजनका लागि मात्र उपयोग गरिने छ ।
- धुम्रपान तथा सुर्तीजन्य पदार्थ विक्रि वितरण खुला रुपमा गर्न पाईने छैन । २० बर्ष भन्दा कम उमेरका कुनैपनि बालबालिकालाई मदिरा तथा सूर्तिजन्य पदार्थ किन्न तथा विक्रि वितरण गर्न,गराउन पाईने छैन ।
- माडी गाउँपालिकाका विद्यालय क्षेत्रबाट ३०० मीटर भित्र मदिरा तथा सूर्तिजन्य पदार्थ विक्रि वितरण पाईने छैन ।

**२. बालविवाह न्यूनिकरण सम्वन्धमा**

- बालविवाह न्यूनिकरणका लागि गाउँपालिकाबाट देहाएका कार्यक्रमहरु सञ्चालन गरिने छ

पहिलो चरण-चेतनामूलक कार्यक्रम

दोस्रो चरण - रेडियो तथा पत्रपत्रिका मार्फत चेतनामूलक सूचना प्रसारण

तेस्रो चरण- प्रचलित कानुन बमोजिम कानुनी कारवाही अघि बढाउने

चौथो चरण- कानुनको अवज्ञा गरेमा तथा अटेर गरेमा बालविवाह गराउने अविभावकलाई सरकारी सेवा प्राप्तीका लागि शिफारिस नगरिने

- गाउँपालिकाको कानुन अवज्ञा गरि बालविवाहलाई बैधानिकता दिने गरि विवाह समारोह तथा भोज भतेर गरे गराएमा अविभावक तथा भोजभतेरमा सहभागिहरु समेतलाई तोकिए बमोजिम जरिवाना तथा अन्य सजाय गरिने छ ।

- कानुन बमोजिम बाहेक बालविवाह गराएमा त्यस्तो विवाह रद्ध गरिनेछ। गाउँपालिकाको यो निर्णय विपरित पून:विवाह गरे,गराएमा त्यस्तो विवाह गर्ने केटा वा केटीलाई २० वर्ष उमेर नपुग्दा सम्म कुनै पनि सरकारी सेवा सुविधा प्रदान गरिने छैन ।

निर्णय नं. ७ माडी गाउँपालिकाको स्थानीय दर रेट सम्वन्धमा माडी गाउँकार्यपालिकाले गरेको देहाएको निर्णय सर्वसम्मतले पारित गरियो

- अन्य कुराहरुको हकमा जिल्जा दररेट अनुसार हुने गरि मजदुरको ज्यालाको हकमा दक्ष कामदारको दैनिक रु ७५०,अर्धदक्ष कामदारको रु ६५० तथा अदक्ष कामदारको रु ६०० दर कायम गर्ने
- आयोजना कार्यान्यनको क्रममा प्रयोग हुने स्काभेटर को ज्याला प्रति घण्टा रु ६५०० नियमानुसार लाग्ने कर र तेल सहित चट्टानको लागि तथा नरम माटोको लागि रु ५५०० र टायरवाला सानो मेशिनको रु २४०० दर कायम हुने ।

निर्णय नं. ८ माडी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को लागि प्रस्तुत आर्थिक विधेयक सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. ९ माडी गाउँपाालिकाको आ.व. २०७५।०७६ को विनियोजन विधयेक सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. १० माडी गाउँपालिका स्थित सरकारी कार्यालयहरु ईलाका प्रहरी कार्यालय,मालपोत कार्यालय,नापी कार्यालय,बन कार्यालय लगाएतको कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गा खरिदका गर्न आवश्यक सहयोगका लागि सम्वन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।